जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ४१ | २०८२ साल भाद्र १८ बुधवार | ( September 3, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## डडेल्धुराका नागरिक संस्थाहरुले बुझाए गृह मन्त्रालयलाई ज्ञापनपत्र नागरिक समाजमैत्री ऐन बनाउन माग

**बिगूल समाचार**
**१८ भाद्र २०८२**



डडेल्धुरा । नेपाल सरकारले हालै सार्वजनिक गरेको "संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक, २०८२" प्रति डडेल्धुराका विभिन्न नागरिक समाज, व्यवसायिक संघसंस्था र संजालहरूले गम्भीर आपत्ति जनाएका छन् ।

मंगलबार जिल्लास्थित विभिन्न संघसंस्था तथा नागरिक संगठनका प्रमुख तथा प्रतिनिधिहरूले प्रमुख जिल्ला अधिकारीमार्फत गृह मन्त्रालयलाई ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापनपत्रमा भनिएको छ सरकारले तयार गरेको मस्यौदामा सरोकार वालाको सहभागिता विना अघि बढाएको भन्दै सच्याउन माग गरिएको छ । "विधायन ऐन २०८१ को दफा ६ को उपदफा (१) ले रायसुझाव लिनुपर्ने व्यवस्था भए पनि सरोकारवालाको सहभागिता उपेक्षा गरिएको छ । नागरिक समाजमैत्री ऐनको मागलाई औपचारिकता मात्र दिन खोजिनु नागरिक समाजको अवमूल्यन हो" ज्ञापनपत्रमा भनिएको छ ।

संघसंस्थाहरूले नेपालको लोकतान्त्रिक आन्दोलनदेखि सामाजिक रूपान्तरण, मानव अधिकार र विकासमा खेलेको भूमिकाको स्मरण गराउँदै मस्यौदाले नागरिक समाजलाई सहयोगी साझेदारको रूपमा होइन, नियन्त्रणमुखी दृष्टिकोणले हेरेको आरोप लगाएका छन्। उनीहरूले मस्यौदाका धेरै प्रावधानले संघसंस्थाको स्वतन्त्रता र सहभागिता कटौती गर्नुका साथै लोकतान्त्रिक मूल्यमान्यता, समावेशिता र पारदर्शितामाथि प्रहार गरेको उल्लेख गरेका छन् ।

संविधानले सुनिश्चित गरेका अधिकार, नागरिक स्वतन्त्रता र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने गरी तत्काल सच्याएर पुनःलेखन गर्न माग गरिएको छ ।

ज्ञापनपत्रमा हस्ताक्षर गर्नेहरूमा गैर सरकारी संस्था महासंघ डडेल्धुराका अध्यक्ष शिवराज पाठक, नेपाल पत्रकार महासंघ डडेल्धुराका सचिव भीम दाहाल, निर्माण व्यवसायी संघ डडेल्धुराका अध्यक्ष भवानी दत्त अवस्थी, नागरिक समाज डडेल्धुराका अध्यक्ष रमेश प्रसाद जोशी, उद्योग वाणिज्य महासंघ डडेल्धुराका महासचिव विष्णु प्रसाद जोशी, जिल्ला वार इकाई डडेल्धुराकी कोषाध्यक्ष आरती जोशी, सामुदायिक वन उपभोक्ता महासंघ डडेल्धुराका अध्यक्ष अमर भाट, महिला उद्यमी महासंघ डडेल्धुराकी अध्यक्ष सिता खड्का र जिल्ला अपांग कल्याण सेवा समितिका अध्यक्ष राजेन्द्र प्रसाद पन्त रहेका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सरकारले ल्याएको विधेयकलाई थप व्यवस्थित, परिस्कृत र अझ प्रभावकारी बनाउन नागरिक समाजका सुझावहरू महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

## लगातारको वर्षाले डडेल्धुराका ग्रामिण सडक अवरुद्धः जनजीवन कष्टकर

**बिगूल समाचार**
**१८ भाद्र २०८२**



डडेल्धुरा । विगत तीन दिनदेखि निरन्तर परिरहेको अविरल वर्षाले डडेल्धुराका ग्रामीण सडकहरू अवरुद्ध बनेका छन् । सडक अवरुद्ध हुँदा जिल्ला बासीको दैनिकी कष्टकर बनेको छ ।

जिल्लाका दर्जनौं ग्रामीण सडकमा खाल्डाखुल्डी र हिलो भरिँदा यातायात सेवा पूर्णरूपमा ठप्प भएको हो । बगरकोट-शिराड-रुपाल, बगरकोट-देवल, बगरकोट-चुल्ल, भद्रपुर-चिपुर , अनारखोली-भुल्कुडा, अनारखोली-चामा चौड, खसर्याखान-बेलापुर-ढुङ्गाड, भात्काडा-रेल, सकायल-रेल घरेलु- मेलगाजा, गैरा-गाङ्गेत-उणीकोट,साहुखर्ख-गाङ्गेत, जोगबुडा-शीर्ष सडक र जोगबुडा-कुर्मुल्ले-सलेता, उग्रतारा- सल्लाघारी लगायतका स्थानीय सडकमा यातायात सेवा अवरूद्ध भएको छ ।

यातायात सञ्चालनमा रहेका केही सडकमा भने जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको नवदुर्गा गाउँपालिका वडा नं. १ का स्थानीय इन्द्र बहादुर साउँदले बताए । उनले भने कतिपय सडक मापदण्डविपरीत निर्माण भएकाले वर्षाले बढी क्षति पुऱ्याएको छ । ग्रामिण सडक अवरूद्ध हुदा दैनिक उपभोग्य समाग्री, दुग्ध जन्य पदार्थ, अस्पताल आउजाउ लगायतका अत्यावश्यक सेवामा समेत बाधा पुगेको छ। साउदले भने स्थानीय सरकारले तत्काल सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरेर सडकहरूको मर्मत सम्भार गरेर नागरिकको जनजीवन सहज बनाउनु पर्छ ।

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

## अजयरमेरु २ मा हुने खेलकुद तथा सांस्कृतिक महोत्सव स्थगित

**बिगूल समाचार**
**१८ भाद्र २०८२**



डडेल्धुरा, भदौ १७ । अजयमेरु गाउँपालिका-२ मा आयोजना हुने भनिएको खेलकुद तथा सांस्कृतिक महोत्सव स्थगित भएको छ । वडा कार्यालयले मंगलबार सूचना जारी गर्दै २०८२ भदौ १८ गतेदेखि २०८२ भदौ २२ गतेसम्म हुने भनिएको महोत्सव पूर्वनिर्धारित समयमा सम्पन्न हुन नसक्ने जनाएको हो । सूचनामा उल्लेख गरिएको छ, प्रतिकूल मौसमका कारण महोत्सव स्थगित गर्ने निर्णय भएको हो। महोत्सवको नयाँ मिति छिट्टै तोक्ने र त्यसबारे थप जानकारी सार्वजनिक गर्ने वडा नं. २ का वार्ड अध्यक्ष सिबराज भट्टले बताए ।

वडा अध्यक्ष भट्टले एक सुचाना जारी गर्दै महोत्सव स्थगित भएको जनाकारी गराएका हुन्। आयोजकले सरोकारवालाई पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी रहेको सचुनामा उल्लेख गरिएको छ

## सम्पादकीय

### अर्थतन्त्र सुधारको बाटो : उत्पादन, रोजगारी र लगानीतर्फ ध्यान दिनु आवश्यक

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनले मुलुकको अर्थतन्त्रको सतही तस्वीर केही हदसम्म सकारात्मक देखाएको छ। वैदेशिक रोजगारीमा गएकाहरूले पठाएको रेमिट्यान्स वृद्धि, विदेशी मुद्राको सञ्चिति तथा शोधनान्तर बचतमा सुधार, निर्यात वृद्धिको गति र महँगीको नियन्त्रणले समग्र अर्थतन्त्र सुरक्षित र सुधारोन्मुख भैरहेको जस्तो देखिन्छ । तर गहिरिएर हेर्दा नेपालको अर्थतन्त्र दिगो र दीर्घकालीन दृष्टिले सुरक्षित छैन भन्ने गम्भीर यथार्थ उजागर हुन्छ ।

शिक्षा मात्रका लागि एक वर्षमै १ खर्ब ३८ अर्बभन्दा बढी रकम विदेशिनु, पर्यटनमा विदेशी पर्यटकले भित्र्याएको भन्दा बढी रकम नेपालीहरू बाहिर लैजानु, ब्याजदर घटे पनि लगानीयोग्य खर्बौं रुपैयाँ बैंकमा थुप्रिनु, र निर्यातमध्ये ठूलो हिस्सा मूल्य अभिवृद्धि नगरेका खाने तेलजन्य वस्तुमा सीमित हुनु यी सबै सूचकले अर्थतन्त्र असुरक्षित दिशातर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछन् । सम्भावना प्रशस्त भए पनि त्यसको सदुपयोग हुन नसक्दा मुलुक संकटको दलदलमा फसिरहेको चित्र स्पष्ट छ ।

दीगो अर्थतन्त्रका लागि उत्पादन र रोजगारी विस्तार बाहेक विकल्प छैन । तर विडम्बना नेपालमा न उत्पादन बढेको छ न रोजगारी । उखु किसानले वर्षौंसम्म बक्यौता नपाएर आन्दोलन गर्नुपर्ने, दुग्ध उत्पादक किसानले घाटामा बेच्नुपर्ने, सरकारले तोकेको समर्थन मूल्यभन्दा निकै कममा धान विक्री गर्न किसान बाध्य हुने अवस्था छ । फलतः युवा पुस्ताले कृषि कर्म त्याग्दै वैदेशिक रोजगारी रोज्न थालेका छन् । कृषि प्रधान भनेर चिनिने मुलुकले अहिले वर्षेनी करिब ४ खर्ब रुपैयाँ बराबरको कृषि उपज आयात गर्नुपर्ने स्थिति यसैको परिणाम हो ।

कृषिपछि अर्को ठुलो सम्भावना पर्यटनमा देखिएको थियो । तर विदेशी पर्यटक भित्र्याउन भन्दा धेरै नेपाली बाहिरिने प्रवृत्तिले पर्यटन क्षेत्र घाटामुखी बनेको छ। तेस्रो सम्भावना जलस्रोतको प्रयोगमा देखिन्छ। तर यस क्षेत्रमा पनि समस्या समाधानभन्दा चुनौतीहरू बढ्दै गएका छन् । यतिबेला सूचना प्रविधि जस्ता नयाँ अवसरहरू भूपरिवेष्ठित मुलुकका लागि ठुलो सम्भावना बनेर आएको छ तर यसमा लगानी आकर्षित गर्ने नीति अझै कागजमै सीमित छ ।

अर्को गम्भीर समस्या सरकारी नीतिको प्रवृत्तिमा छ । उत्पादनमा लगानी गर्न चाहनेलाई हतोत्साहित गर्ने र आयात गर्ने व्यापारीलाई प्रोत्साहन दिने नीतिगत व्यवस्थाले मुलुकको उत्पादन क्षमतामा बाधा पुर्याइरहेको छ। बैंकहरूले प्रवाह गरेको करिब ६६ खर्ब रुपैयाँ कर्जामध्ये ठूलो हिस्सा उत्पादनमूलक क्षेत्रमा नभई आयातमुखी व्यापारमा जाने चलन अझै छ। प्रशासनिक र कानुनी झन्झटका कारण उत्पादन क्षेत्रमा लगानी गर्न खोज्नेहरू निरुत्साहित भइरहेका छन् ।

अब तत्काल नीतिगत र कार्यान्वयन तहमा सुधार अनिवार्य छ । रेमिट्यान्सको उचित सदुपयोग, त्यसलाई पुँजीमा रूपान्तरण, उत्पादन र रोजगारी मूलक क्षेत्रमा लगानीको सहज वातावरण निर्माण, र संरचनागत सुधारमा सरकारले ठोस कदम चाल्न ढिलाइ गर्नु हुँदैन । अहिले नारामै सीमित रहने प्रवृत्तिले अर्थतन्त्रलाई अझ गम्भीर संकटतर्फ धकेल्ने खतरा छ ।

नेपालको अर्थतन्त्र सम्भावना बोकेको छ। जलस्रोत, कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्र यसको आधार बन्न सक्छन् । तर सम्भावना मात्र पर्याप्त हुँदैन; त्यसलाई व्यवहारमा उतार्न राज्यले सही नीति र स्पष्ट कार्यान्वयन मार्गचित्र बनाउन जरुरी छ ।

उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्ने, युवा श्रमशक्तिलाई रोजगारीमा परिचालन गर्ने र वैदेशिक रोजगारीमा निर्भरतालाई घटाउने काममा गम्भीर पहल नभएसम्म अर्थतन्त्र सुधारोन्मुख होइन संकटोन्मुख नै रहिरहनेछ ।

त्यसैल ेनेपालको अर्थतन्त्र दीगो बनाउन उत्पादन र रोजगारी विस्तार, कृषि, पर्यटन र जलस्रोतमा लगानी, रेमिट्यान्सलाई पुँजीमा रूपान्तरण, लगानीमैत्री नीतिगत तथा संरचनागत सुधार तुरुन्त आवश्यक छ ।

# दाइजो प्रथा : बुझिनसक्नुको रहस्य



**आफूलाई पनि राजा महाराजाको जस्तै उच्च हैसियतको देखाउन धनी वर्गले दाइजोको प्रचलन सुरु गर्यो । गरिब वर्गले पनि त्यसैको देखासिकी गर्यो । त्यसैले समाज जति शिक्षित बन्दै गयो, मानिसहरू जति सम्पन्न हुँदै गए, दाइजो प्रथा पनि त्यसरी नै बढ्दै गएको देखिन्छ । यो विकृति बढेर कहाँसम्म पुग्ला हेर्न बाँकी छ ।**

अञ्जु कार्की

सप्तरीको महादेवा गाउँपालिका-१ का दीपककुमार यादवले मोटरसाइकल दाइजो नदिएको निहुँमा आफ्नै पत्नी दीपा कुमारी यादवलाई मारेको समाचार नेपाल प्रहरीलाई उदृत गर्दै विभिन्न मिडियामा आएका छन् । अभियुक्त दीपक र २१ वर्षीया दीपिकाबीच गत असारमा मागी विवाह भएको थियो ।

घटना विवरणअनुसार पति दीपकले पत्नी दीपिकालाई बिरामी भएको भन्दै गत शनिबार गजेन्द्रनारायण सिंह अस्पताल पुर्याए । उनले सुतेको ठाउँमै बेहोस भएको चिकित्सकलाई बताए । दीपिकाको शरीर देख्ने बित्तिकै चिकित्सकले मृत घोषणा गरे। चिकित्सकले मृत्यु घोषणा गरे लगत्तै जिल्ला प्रहरी कार्यालयको टोली शव परीक्षण गर्न अस्पताल पुग्यो । प्रहरीले दीपाकुमारीको घाँटीमा निलो डाम देख्यो । प्रहरीले सोधपुछ गर्दा दीपक हड्बडाएपछि प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाउँदा हत्या भएको रहस्य खुल्यो ।

दीपिकाका माइती पक्षले प्रहरीलाई जनाएअनुसार विवाह हुँदा प्लस टु पढ्दै थिइन् । ओभरसियरका रूपमा जागिर खाएको केटो भएकोले दाइजो पनि गच्छेअनुसार दिइएको थियो । गरगहना तथा जिन्सीसामानबाहेक १२ लाख रुपैयाँ नगद दाइजो दिइएको थियो। त्यही नगदबाट मोटरसाइकल किन्ने भद्र सहमति भएको थियो। तर विवाह गरेर भित्र्याउने बित्तिकै मोटरसाइकल नदिइएको भन्दै पत्नीलाई कचकच गर्न थाले । दीपिकाले यो कुरा माइती पक्षलाई बताइन् । मोटरसाइकलका लागि माइती पक्षले आर्थिक जोहो गर्दै थियो, तर अचानक बिरामी भएर अस्पताल पुर्याइएको खबर आयो । अस्पताल पुग्दा मृत्यु भइसकेको रहेछ । मृतकका बुबा सञ्जीवकुमार यादव रोजगारीका लागि मलेसियामा छन् । छोरीको हत्यापछि आमा विक्षिप्त छिन् ।

सप्तरीकी दीपिका यादव त सबैभन्दा पछिल्लो उदाहरण मात्रै हो । सायद उनी अन्तिम उदाहरण पनि हुने छैनन् । एक दशक यताको मात्रै उदाहरण हेर्ने हो भने पनि दाइजो कम ल्याएको निहुँमा हत्या गरिएका किशोरीहरूको सूची निकै लामो छ । राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०१८-२०१९ मा प्रकाशित गरेको तथ्यांकअनुसार त्यो १ वर्षको अवधिमा दाइजोको कारणले ४०० महिलाले शारीरिक हिंसा, ५८९ महिलाले मानसिक हिंसा, २२४ महिलाहरूले आर्थिक हिंसा र ४७ जनाले यौन हिंसाको सिकार हुनु परेको थियो भने तथा ६१ प्रतिशत महिलाहरूले आफूसँग हुने अत्याचार, हिंसा तथा उत्पीडनको बारेमा बताउनै चाहेका थिएनन् ।दाइजो प्रथा आफैँमा कहालीलाग्दो विकृति त हुँदै हो, त्यसमाथि पनि दाइजो कम ल्याएको निहुँमा यातना दिने तथा हत्या गर्ने सिलसिला त २१ औं शताव्दीमा कल्पना गर्नसमेत नसकिने विकृति हो। एकातिर समाज दिनप्रतिदिन शिक्षित र सचेत हुँदै गइरहेको भनिन्छ, तर मानव सभ्यताकै कलंकका रूपमा रहेको दाइजो प्रथा तथा दाइजो कम ल्याएको निहुँमा हुने हत्या हिंसाका घटना बढ्दै गएका छन्। त्यसैले यो बुझी नसक्नुको रहस्य बनेको छ ।

### दाइजो प्रथाको सुरुआत

समाज विकासको क्रमसँगै विवाह प्रथा सुरु भयो । विवाह प्रथा विकसित हुँदै जाँदा केटी पक्षले आफ्नो हैसियत अनुसार बिहेका समयमा छोरीलाई उपहार दिएर बिदा गर्न प्रारम्भ गरे । बिहेको समयमा दिइने यस्ता उपहारले परघर जाने छोरीलाई समस्या परेका बेलामा गर्जो टार्न सहयोग होस् भन्ने सोचका साथ उपहार दिइने गरिन्थ्यो । यस समयमा पनि केटापक्षको कुनै दबाब थिएन ।

तर, बिस्तारै बिदाइको समयमा दिनैपर्ने जस्तो चलनको रूपमा उपहार दाइजो प्रथामा परिणत र विकसित हुँदै गयो । बिहेमा छोरीलाई बिदा गर्दा केही वस्तु उपहारको रूपमा दिनैपर्ने गरी अनिवार्य चलन बन्दै बनाउदै लगियो । सुरुमा यसलाई कुनै किसिमको दबाबका रूपमा लिइएको थिएन । तर दबाब बढ्दै गएपछि छोरीलाई आर्थिक समस्या तथा पारिवारिक तनाव नहोस् भनेर बाआमाले आफ्नै सम्पत्तिको केही हिस्सा नै दिन थाले । कालन्तरमा यही चलनले विकृतिको रूप धारण गर्दै जाँदा २१औं शताव्दीको मुख्य लज्जाको विषय बनेको छ ।

समाजको विकास क्रमलाई नियाल्दा नेपालमा दाइजो प्रथा भारतबाट दशकौं अगाडि छिरेको देखिन्छ। तराईको मधेसी समुदायमा नेपाल-भारतबीच रोटीबेटीको सम्बन्ध भएका कारण सहज रूपमा दाइजो प्रथा भित्रियो । दाइजो प्रथालाई नियन्त्रण गर्न सरकारले २०२१ सालमै कानुनी व्यवस्था गरेको देखिन्छ । तर नियन्त्रण हुनुको सट्टा झन् झन् बढ्दै गयो। यति मात्रै होइन बिस्तारै पहाड छिर्न थाल्यो ।

४ दशक अघिसम्म राजा, महाराजाबाहेक पहाडी समाजमा दाइजो प्रथा थिएन। छोरीचेलीको गोडा धुने क्रममा भाँडा वर्तन दिइन्थ्यो । जसलाई 'गोडधुवा' अथवा चलनचल्तीको भाषामा 'गरदुआ' भनिन्थ्यो । तर विगत ४ दशक यता पहाडी क्षेत्रमा नगद तथा मोटरसाइकल वा कारका रूपमा दहेज प्रथाले प्रवेश पायो। नेपालको पहाडी क्षेत्रमा पनि दाइजो प्रथाले घिनलाग्दो रूप धारण गरेको गण्डकी प्रदेशको पोखरा उपत्यका तथा त्यस आसपासको क्षेत्रमा हो । पहाडको अन्य क्षेत्र तथा समुदायमा दहेज प्रथाले पोखरा आसपासको जस्तो विकृति अझै लिइसकेको छैन ।

मधेसी समाजमा दाइजो प्रथाले के कसरी जरो गाडिरहेको छ ? भन्ने सन्दर्भमा प्रयाप्त अध्ययन भए पनि पहाडी समाजमा खासै अध्ययन भएको देखिन्न। यस विषयमा त्रिभुवन विश्व विद्यालयको समाजशास्त्र संकायका विद्यार्थीहरूले गरेको सोधमध्ये स्याङ्जा जिल्लाको तत्कालीन आरुखर्क गाविसमा गरिएको सोधको परिणाम निकै गम्भीर देखिन्छ। पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर तहमा समाजशास्त्र अध्ययनरत दीपककुमार शर्माले २०७१ सालमा तयार गरेको उक्त अनुसन्धानअनुसार त्यस क्षेत्रमा दाइजो प्रथाले विकराल रूप लिन थालेको २०५० सालपछि हो ।

उक्त अनुसन्धानअनुसार जुन बेलासम्म छोरीहरूलाई पढाउने प्रचलन थिएन, त्यो बेलासम्म गोडधुवाबाहेक नगद तथा यातायातका साधन दाइजोका रूपमा दिने चलन थिएन । तर छोरीलाई जति धेरै पढायो उति नै धेरै दाइजो दिनु परेको अनुभव बुबाआमाहरूको छ । सोधकर्ता शर्माले यस विषयमा ४० जनासँग प्रश्न राखेका छन् । उनीहरू प्रायः सबैले कम पढेकी छोरीको विवाहमा थोरै जाइजो दिनुपरेको र धेरै पढेकी छोरीको विवाहमा धेरै दाइजो दिनुपरेको बताएका छन्। दाइजो स्वेच्छाले दिनुभएको हो या माग्ने गरिएको छ ? भन्ने प्रश्नमा प्रायः सबैको भनाइ छ, 'सिधै मागिँदैन, तर तेस्रो व्यक्तिमार्फत घुमाउरो पाराले कुरा राखिन्छ।' दाइजो कम आउने संभावना देखेकैले केटापक्षबाट कतिपय विवाह अचानक रोकिएको पनि उनीहरूले सुनाएका छन् ।

यसैगरी सोधकर्ताले सोही गाविसका ४० जना अभिभावकसँग दाइजो कम भएको निहुँमा छोरीलाई यातना दिइएको छ कि छैन ? भन्ने प्रश्न राखेका थिए। जसमध्ये ५ जनाले यातना दिइएको बताएका थिए । सोधकर्ताले राखेका प्रश्न तथा उत्तरमध्ये सबैभन्दा कहालीलाग्दो पाटो अझै अर्को छ। आरुखर्क गाविसका ४० जना महिलासँग सोधकर्ताले दाइजो प्रथालाई निरन्तरता दिनु उचित हुन्छ कि, हुन्न ? भनेर प्रश्न राखेका थिए । जसमध्ये ८ जनाले निरन्तरता दिनु उचित हुने बताए भने ३२ जनाले अनुचित हुने बताए। यही प्रश्न ४० जना पुरुषहरूसँग राख्दा ३० जनाले निरन्तरता दिनुपर्ने जबाफ दिए, १० जनाले उन्मूलन गर्नुपर्ने जबाफ दिए ।

मानव विकास सूचकांकका आधारमा नेपालकै सबैभन्दा उच्च गाविसहरूको सूचीमा रहेको पोखरा महानगरसँगै जोडिएको स्याङ्जाको आरुखर्कको अवस्था त यस्तो देखायो भने अरू ठाउँको अवस्था कस्तो होला ? तराई मधेसका कतिपय ठाउँमा केटाको पढाइ र जागिरलाई दाइजोको मानकका रूपमा पनि लिइएको पाइन्थ्यो । जति धेरै पढाइ वा जागिरको कमाइ, उति नै धेरै दाइजोको चलन पहिलेदेखि नै थियो। दुर्भाग्यबस यो कुप्रथा पहाडी समाजमा पनि छिरेको छ ।

### कसरी रोक्ने यो विकृति ?

केही वर्षअघि वीरगन्जका एक डाक्टरले सुसुराली पक्षसँग निरन्तर दाइजो मागिरहे । सुसुराली पक्षले पनि आफ्नो गच्छेअनुसार दिइ रहे। जब यस्तो दिन आयो, सुसुरालीपक्ष जाँदा दाइजो प्रथाको प्रारम्भ पेवा प्रथाबाट सुरु भएको देखिन्छ । छोरीलाई अंश दिने चलन नभएकोले पेवाका रूपमा गच्छे अनुसारको सम्पत्ति उपलब्ध गराइन्थ्यो। यो प्रचलन नराम्रो थिएन। बिस्तारै केटाको परिवारले नराम्री नै भए पनि पेवा धेरै भएकी केटी विवाह गर्ने सोच राख्दै गयो । आफ्नी छोरीलाई राम्रो घरमा विवाह गरेर दिनका लागि पनि पेवाको रुकम बढाउन थालियो । कलान्तरमा यही पेवा प्रथा नै दाइजो प्रथामा विकास भएको पाइन्छ। सुरुमा महिलालाई आत्मनिर्भर बनाउन या समस्या परेको समयमा सहजता होस् भनेर व्यवस्था गरिएको दाइजो प्रथा कालान्तरमा विकृत भई महिला हिंसाका कारणका रूपमा परिणत भएको हो ।

दाइजो प्रथा नेपालको जनजाति समुदायमा खासै देखिन्न । मधेसी समुदायमा दशकौँदेखि व्यापक र खस-आर्य समुदायमा केही दशकदेखि प्रवेश भएको देखिन्छ । आमरूपमा हेर्ने हो भने छिमेकी भारतलगायत केही देशका तुलनामा नेपालमा दाइजो प्रथाको विकृति कम छ। खासगरी भारत, बंगलादेश, पाकिस्तान, नेपाल, श्रीलंका, अफगानिस्तान, इरान, टर्की, अजरबैजान, ताजिकिस्तान, इजिप्ट, मोरक्को बेल्जियम र सर्वियामा प्रचलनमा रहेको छ ।


## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## दाइजो प्रथा ..............

विश्व बैंकले केही वर्षअघि भारतका ४० हजार वटा बिहेको अध्ययन गर्ने क्रममा ९५ प्रतिशत बिहेमा दाइजोको लेनदेन भएको तथ्य भेटेको थियो । जहाँ हिन्दु तथा इस्लाम धर्माबलम्बीहरूको बाहुल्यता छ त्यहाँ दाइजो प्रथा देखिनु संयोग मात्रै हुन सक्छ। किनकि यी दुवैका धर्म शास्त्रमा दाइजो प्रथाको प्रावधान छैन । हिन्दु धर्मशास्त्रमा ४ किसिमका विवाहको बारेमा उल्लेख गरिएको छ, 'ब्राह्म विवाह, देव विवाह, प्रजापती विवाह र राक्षसी वा पैशाची विवाह । सम्पत्ती, पैसा स्वीकार गरेपछि हुने विवाहलाई दानव विवाह वा असुर विवाहको वर्गमा राखिएको छ ।

इस्लामकको धार्मिक पुस्तक कुरआन र हदिसमा कतै पनि केही उल्लेख छैन । तर केही मुस्लिमले इस्लाममा दहेज लिन सकिन्छ र त्यसको प्रमाण स्वरूप हजरत अलि रजि र नबि मुहम्मदको प्रिय तथा कान्छी छोरीको बिहेमा मुहम्मदद्वारा प्रदान गरिएका सामग्रीलाई वर्णन गर्ने गरेको पाइन्छ । तर त्यो पनि निश्चित परिस्थितिमा भएको थियो ।

यसरी हेर्दा दाइजो प्रथा राजा महाराजा तथा सामान्तहरूको देखासिखीकै आधारमा समाजमा प्रवेश भएको देखिन्छ । भारतीय उपमहादीपका राजा महाराजाहरूले आफ्ना छोरीको विवाहमा धेरै नै धन सम्पत्ति दिने गरेको इतिहास पढ्न सकिन्छ ।

नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने पनि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले मकवानपुरे राजाबाट हात्ती र सुनको हार दाइजो नपाएका कारण विवाद बढ्दै जाँदा दुलही नै त्यागेर रित्तै गोरखा फर्किएको इतिहास छ । धेरै टाढाको इतिहास खोज्नै पर्दैन । आफैँले मुलुकी ऐन जारी गरेर दाइजो प्रथालाई दण्डनीय बनाउने तत्कालीन राजा महेन्द्रले आफ्ना छोरीहरूको विवाहमा उपलब्ध गराएको अकुत सम्पत्ति अहिले पनि कमलादी क्षेत्रमा देख्न सकिन्छ । आफूलाई पनि राजा महाराजाको जस्तै उच्च हैसियतको देखाउन धनी वर्गले दाइजोको प्रचलन सुरु गर्यो । गरिब वर्गले पनि त्यसैको देखासिखी गर्यो । त्यसैले समाज जति शिक्षित बन्दै गयो, मानिसहरू जति सम्पन्न हुँदै गए, दाइजो प्रथा पनि त्यसरी नै बढ्दै गएको देखिन्छ । यो विकृति बढेर कहाँसम्म पुग्ला हेर्न बाँकी छ । पछिल्ला वर्ष दाइजोविरुद्ध मधेसी समाजमा पनि सचेतना नआएको होइन । केही युवाहरूले विद्रोह गरेको समाचार पनि आएका छन् ।

खासगरी जागिर खाने तथा आफ्नै खुट्टामा उभिने किशोरीका परिवारसँग दाइजोका लागि बार्गेनिङ हुने गरेको देखिन्न । आफैँ खुट्टामा उभिने किशोरीले दाइजोका निहुँमा मात्रै होइन अन्य निहुँमा पनि हिंसा बेर्होनुपरेका घटना तुलनात्मक रूपमा थोरै छन् ।

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**

## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरुलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

# लाल बिगूल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल भाद्र १८ बुधवार

शिक्षा/साहित्य/विविध





व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा


# संघीय निजामती सेवा विधेयक राष्ट्रिय सभाबाट पारित, अब प्रतिनिधि सभामा पठाइने

**बिगूल समाचार**
**१७ भाद्र २०८२**

काठमाडौं। संघीय निजामती सेवा विधेयक राष्ट्रिय सभाबाट सर्वसम्मत रुपमा पारित भएको छ। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले मंगलबार दिउसो सर्वसम्मत पारित गरेको विधेयकको प्रतिवेदन समितिका सभापति तुलसा कुमारी दाहालले दिउसो बसेको राष्ट्रिय सभाको पहिलो बैठकमा पेश गरेकी थिईन। पहिलो बैठक १५ मिनेटका लागि स्थगित भए लगत्तै बसेको राष्ट्रिय सभाको दोस्रो बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले विधेयकमाथी छलफल गरियोस भन्ने प्रस्ताव गरेकी थिईन।

मन्त्रीले प्रस्ताव पेश गरे लगत्तै सांसद कृष्णबहादुर रोकाया, गोपीबहादुर अछामी, गोपाल भट्टराई, मायाप्रसाद शर्मा, राधेश्याम पासवान, पदमबहादुर परियार विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द लगायतका सांसदले छलफलमा भाग लिएका थिए। उनीहरुले राखेको धारणमा मन्त्री न्यौपानेले जवाफ दिएकी थिइन्। लगत्तै मन्त्री न्यौपानेले विधेयक पारित गरियोस भन्ने प्रस्ताव पेश गरेपछि सर्वसम्मतबाट पारित भएको छ।


## मालपोत कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- आफ्नो जग्गाधनी दर्ता, नामसारी, क्षेत्रफरक, मोही नाम काट्टा लगायतका कामहरू समयमै गरौं
- आफ्नो जग्गाको फरक नाप तथा सिमाना प्रष्ट राखी भविष्यमा हुने विवादबाट जोगिऔं।
- मालपोत तिर्नु नागरिकको कर्तव्य हो, समयमै मालपोत बुझाएर जरिवाना र झन्झटबाट बचौं।
- मालपोत सम्बन्धी सेवा लिन आउँदा आवश्यक कागजातहरू साथमा ल्याई सेवा छिटो पाउँ।
- अनलाइन सेवा सुविधा प्रयोग गरी घरमै बसेर मालपोतको पूर्व जानकारी लिई समय र खर्च बचत गरौं।
- सरकारी कर तथा दस्तुर तोकिएको मापदण्डअनुसार मात्र बुझौं, अनावश्यक शुल्क तिर्न बाध्य नहौं।
- हाम्रो उद्देश्यः जनताको हक-अधिकार संरक्षण गर्दै पारदर्शी, सहज र छिटो सेवा प्रदान गर्नु हो।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, डडेलधुरा

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस्।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस्।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस्।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस्।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस्।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ। त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा